# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: १ | माघ, २२ गते २०८२ साल | (संख्या: ०७) |
|---|---|---|---|

### भाग-१

नगर सभाको मितिः २०८२/१०/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### “बर्दघाट नगरपालिकाको आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन ऐन, २०८२”

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१० दफा ७० वमोजिम यस बर्दघाट नगरपालिकाको स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अकल्पनिय मानव सृजित तथा महामारी लगायत स्वास्थ्य तथा मानवीय संकटमा नगरपालिकालाई हुन सक्ने वित्तिय अभावमा नगरपालिकाबाट खर्च गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट शोधभर्ना प्राप्त गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-१० दफा ७० ले दिएको अधिकार प्रयोग गरी बर्दघाट नगर कार्यपालिकाबाट देहायको ऐन स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद–१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नामः "आकस्मिक कोष संचालन तथा व्यवस्थापन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. पभिाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**,

क) "ऐन" भन्नाले बर्दघाट नगरपालिकाको आकस्मिक कोष संचालन तथा व्यवस्थापन ऐन, २०८२ लाई जनाउनेछ ।

ख) "नगर प्रमुख" भन्नाले बर्दघाट नगरापालिकाको प्रमुखलाई जनाउने छ ।

ग) "उपप्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

घ) "नगर सभा" भन्नाले बर्दघाट नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

ङ) "नगर कार्यपालिका" भन्नाले बर्दघाट नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दघाट नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

छ) "कर्मचारी" भन्नाले बर्दघाट नगर कार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी जनाउने छ ।

ज) "कोष" भन्नाले नगरपालिकाको आकस्मिक कोषलाई जनाउनेछ ।

झ) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, रोगव्याधी, माहामारी जस्ता प्राकृतिक तथा गैह्र प्राकृतिक विपत लगायत मानहामारी स्वास्थ्य तथा मानवीय संकट, विपद व्यवस्थापन कोष र आर्थिक सहायता सञ्चालन तथा व्यवस्थापन कोषमा रकम अपुग भएमा तत्काल आर्थिक सहायता गर्नुपर्ने अवस्थामा सो शिर्षकमा रहक ट्रान्सफर गर्ने कार्यलाई जनाउनेछ ।

## परिच्छेद—२

## कोषको अवधारणा, लक्ष्य, उद्धेश्य र नीति

**३. अवधारणाः**

बर्दघाट नगरपालिकामा आकस्मिकरुपमा आईपर्ने संकटलाई सम्बोधन गर्न वित्तिय समस्या तथा सोही प्रकृतिको आर्थिक सहायता प्रदान गर्ने सङ्घीय तथा प्रादेशिक कार्यक्रममा रहका निकासा नभई श्रोत अभाव भएमा शोधभर्ना प्राप्त गर्ने कोषको अवधारणा हुनेछ ।

**४. लक्ष्यः**

प्राकृतिक तथा मानव सिर्जित विपदमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलव्ध गराउन, विपन्न दीर्घरोगीहरुलाई तत्काल राहत सहयोग पुर्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलव्ध गराउनु नै कोषको लक्ष्य रहेको छ ।

**५. उद्धेश्यः**

(१) पिपद् पिडितहरुलाई तत्काल राहत उपलव्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने ।

**६. नीतिः**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलव्ध गराई पुनःस्थापना तर्फ उन्मुख गराउने,

(२) नगरपालिकाको कार्यक्षेत्र भित्र परि भैपरी आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखीएको कार्य गरी क्षति न्यूनिकरण गर्ने,

## परिच्छेद—३
## कोष स्थापनाः

**७. कोष स्थापनाः** (१) आकस्मिक कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**८. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको लागि नगरपालिका स्वयंमले व्यवस्थापन गर्नेछ ।

(२) महामारी जन्य समस्या सिर्जना लगायत विशेष परिस्थितिमा कार्यपालिकाको निर्णय अनुसार कोषबाट रकम खर्च गरिनेछ ।

(३) बुँदा नं २ (झ) मा परिभाषित आकस्मिक कार्य वाहेक अन्य प्रयोजनका लागि वा एकै प्रकृतिको दोहोरो सुविधा पाउने गरी यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

**९. कोषको वित्तीय व्यवस्थापनः**

(१) नगरसभाबाट आकस्मिक कोषका लागि बार्षिक रुपमा विनियोजन हुने रकम,

(२) शोधभर्ना प्राप्त भएको रकम,

(३) जुनसुकै प्रयोजनमा खर्च भएको रकमलाई घट्न नदिने,

(४) दातृ निकाय, गैह्र सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य श्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

(५) कोषबाट खर्च भएको रकमको सोधभर्ना सम्बन्धित शिर्षकबाट र सो हुन नसकेमा नगरसभाबाट गर्नु पर्नेछ ।

## परिच्छेद–४
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

**१०. कोषको आर्थिक अवस्थाः** कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन वमोजिम हुनेछ ।

**११. कोषबाट हुने खर्चः** कोषमा जम्मा भएको रकम निम्नानुसार क्षेत्रमा खर्च गरिनेछ ।

क) शोधभर्ना प्राप्त हुने रकम

ख) प्राकृतिक प्रकोष महामारीमा तत्काल खर्च गर्नुपर्ने रकम ।

ग) मानव सृजित वा अकल्पनिय संकट ।

घ) अन्य कोष/कार्यक्रम/शिर्षकमा ट्रान्सफर हुने रकम ।

## परिच्छेद–५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१२. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थाः** आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

**१३. कोषको सञ्चालन : (१)** कोषको बैंक खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद–६
## विविध

**१४. आकस्मिक कोषको रकममा बृद्धि गर्न सक्नेः**

(१) नगरपालिकाले नगरसभाबाट स्वीकृत गराई आकस्मिक कोषमा रहने रकममा आवश्यक्ता अनुसार बृद्धि गराउन सक्नेछ ।

(२) जाँच पास तथा फरफारक (१) कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून वमोजिम हुनेछ ।

**१५. ऐनको संशोधन र कार्यान्वयनः**

(१) यस ऐनलाई नगरसभाले आवश्यक परेमा संशोधन गर्न सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, कार्यविधि, मापदण्ड र निर्देर्शिका कार्यपालिकाले बनाउन सक्नेछ ।

**१६. बचाऊ र खारेजीः**

(१) यस ऐनमा व्यवस्था भएका कुराहरुको हकमा यसै ऐन वमोजिम हुनेछ र यस ऐनमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचानल ऐन, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून वमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा नगरसभाले कोषलाई खारेज गर्न सक्नेछ ।

(३) यस अघि यस कोषबाट भए/गरेका खर्च रकम यसै ऐन वमोजिम खर्च भएको मानिनेछ ।

**आज्ञाले,**
**(बाबुराम पौडेल)**
**प्रमुख प्रशासकीय अधिकृत**

बुद्धघाट नगरपालिका